क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल


## स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः-२०८२/१२/०३)

क्षीरेश्वरनाथ नगरपालिकाको आ.व. २०८२/०८३ को सशर्त कार्यक्रम अन्तर्गत स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रमको मापदण्ड, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ को दफा १२ मा उल्लेखित भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण सम्बन्धी कामगर्ने इच्छुक संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ को अनुसुची ४ बमोजिमको ढाँचामा तपसिलको योग्यता, विवरण तथा कागजात सहित निवेदन यस क्षीरेश्वरनाथ नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१ संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वीत्तीय श्रोत सम्बन्धी विवरण,

२ प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यावसायिकयोजना विवरण,

३ प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

४ अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,

५ प्रस्तावित कार्यक्रममा संस्थाद्वरा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

६ कालो सूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र,

७ संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागी अनुसुची-५ बमोजिमको ढाँचामा कृषि पशुपालन तथा उत्पादन मुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र गैर कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरि व्यवसायिक योजना पेश गर्नु पर्नेछ,

८ व्यवसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/ स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायको महिलाले आय आर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण हुने कार्यान्वयन कार्य योजना समेत संलग्न गरी सिलबन्दी प्रस्तावपेश गर्नुपर्नेछ ।

नोटः- स्थानीय तहमा जीवीकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ क्षीरेश्वरनाथ नगरपालिकाको वेबसाईटwww.kshireshwornthmun.gov.npमा हेर्न सकिन्छ।

प्रशान्त कुमार वर्मा
प्रमुख प्रशासकीय अधिकृत

"जनमैत्री र दिगो पुर्वाधार, कृषि,उद्योग र पर्यटन समृद्धिको आधार"


Email : edu.kshireshwornathmun@gmail.com Web : kshireshwornathmun.gov.np Phone : 041-540077


CamScanner